यस भित्र



एक घर एक धाराः नीतिगत व्यवस्था र अबको बाटोः पृष्ठ ५


धारामा सेन्सर जडानले थपिएको सहजता : पृष्ठ ७


पानीको उचित व्यवस्थापन : स्वस्थ र समुन्नत जीवनको आधार : पृष्ठ ८


खानेपानी सुरक्षा योजनाले ल्याएको परिवर्तन : पृष्ठ ९



NEWAH
Nepal Water for Health

# पानी र सरसफाइ

नेपाल स्वास्थ्यको लागि पानी (नेवा) को त्रैमासिक बुलेटिन

वर्ष २१ | अंक १ | कार्तिक २०७९


## नेवाको तीसौं वार्षिकोत्सव कार्यक्रम सम्पन्न

नेपालका ग्रामीण समुदायमा खानेपानी, सरसफाइ र स्वच्छता सेवाको सुनिश्चितताका लागि कार्यरत नेपाल स्वास्थ्यको लागि पानी (नेवा) को तीसौं वार्षिकोत्सव सम्पन्न भएको छ। २०७९ श्रावण १५ गते काठमाडौंमा आयोजित वार्षिकोत्सव कार्यक्रमको माननीय खानेपानी मन्त्री उमाकान्त चौधरीले उद्घाटन गर्नु भएको थियो।

उक्त कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री चौधरीले नेवालाई तीन दशकसम्म अविच्छिन्न रूपमा नेपालको खानेपानी, सरसफाइ र स्वच्छता क्षेत्रको प्रवर्धनमा उल्लेखनीय भूमिका निर्वाह गरेकोमा धन्यवाद र आगामी यात्राको निरन्तरताका लागि शुभकामना दिनुभयो। उहाँले पारित हुने क्रममा रहेको खानेपानी तथा सरसफाइ ऐन २०७९ को कार्यान्वयन भएपछि दिगो विकास लक्ष्यसहित नेपाल सरकारको पन्ध्रौं योजनाले लिएको लक्ष्य पूरा गर्न समेत सहज हुने बताउनु भयो। मन्त्री चौधरीले खुला दिसामुक्त अवस्थाको दिगोपनमा जोड दिँदै बहिष्कृत र विपन्न वर्गका आवश्यकतालाई सम्बोधन गर्न आग्रह गर्नुभयो।

उक्त कार्यक्रममा समाज कल्याण परिषद्का सदस्य सचिव, फेडवासनका राष्ट्रिय अध्यक्ष, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुख, पालिका प्रमुखहरू लगायतले शुभकामाना मनतव्य दिनुभएको थियो।

कार्यक्रममा बोल्दै नेवाका अध्यक्ष प्रा. कपिल श्रेष्ठले खानेपानी तथा सरसफाइ सुविधा प्रवर्धनका लागि नेवालाई सहयोग पुऱ्याउने दातृ निकाय तथा अन्य सरोकारवालाहरू प्रति आभार व्यक्त गर्दै यो क्रमले निरन्तरता पाउने अपेक्षा गर्नुभयो। यसैगरी उक्त कार्यक्रममा नेवाका निर्देशक श्री रेशम जंग सिंहले संस्थाको रणनीतिक योजना २०२२-२६ को प्रस्तुतीकरण गर्दै नेपालको खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रमा नेवाले पुऱ्याएको योगदानको चर्चा गर्नु भएको थियो।

नेवाद्वारा बागलुङ तथा सिन्धुली जिल्लामा सञ्चालित कार्यक्रमहरूको अनुभव तथा सिकाई आदानप्रदान कार्यशाला समेतको रूपमा रहेको यस कार्यक्रममा नेवाको तीन दशकको यात्रा विवरण झल्काउने वृत्तचित्र 'गौरवपूर्ण यात्राका तीन दशक' प्रदर्शन गरिएको थियो भने वार्षिकोत्सवका अवसरमा प्रकाशित भएको स्मारिका 'गौरवपूर्ण



*कार्यक्रमलाई संबोधन गर्दै माननीय खानेपानी मन्त्री उमाकान्त चौधरी*

यात्राका तीन दशक' को लोकार्पण समेत गरिएको थियो। यसैक्रममा नेवाका कर्मचारीहरू श्री केशव विष्ट, श्री वसुन्धरा घर्तीमगर र श्री योगबहादुर मोक्तानद्वारा रचित पानी र सरसफाइ सम्बन्धी गीतहरू पनि सार्वजनिक गरिएको थियो।

यस क्रममा संस्थाका पूर्व अध्यक्ष श्री अजय दीक्षित तथा संस्थापक निर्देशक श्री उमेश पाण्डे तथा संस्थामा अविच्छिन्न २५ वर्ष वा सोभन्दा बढी सेवा पुऱ्याउने कर्मचारीहरू श्री कुमार सिलवाल, श्री खड्गबहादुर बुडथापा र श्री महेश रसाइलीलाई पनि उहाँहरूको योगदानका लागि सधन्यवाद कदरपत्र प्रदान गरिएको थियो।

यसैगरी कार्यक्रममा विगतका साझेदार संस्थाहरू युनिसेफ, वाटरएड, डीएफआईडी, सिमावी, प्लान नेपाल, वर्ल्ड भिजन इन्टरनेशनल, अक्सफाम, कन्सर्न वल्डवाइड, ए चाइल्ड्स राइट, रेन फाउन्डेसन, अष्ट्रेलियाएड, एल्गिन रोटरी क्लब, यूएसएआईडी, ए ड्रप अफ लाइफ, परोपकारः वाटर एण्ड रोटरी क्लब अफ बौद्धलाई पनि उहाँहरूको योगदानका लागि सधन्यवाद कदरपत्र प्रदान गरिएको थियो। कार्यक्रममा सहभागी विभिन्न संघसंस्थाको प्रतिनिधित्व गर्ने प्रतिनिधिहरूलाई पनि मायाको चिनो प्रदान गरिएको थियो।

*डा. महेश्वर प्रसाद यादव*

## सम्पादन मण्डल

डा. महेश्वर प्रसाद यादव, संयोजक

अरुण कुमार श्रेष्ठ, सदस्य

रोजिना मानन्धर, सदस्य

भरत अधिकारी, विज्ञ सम्पादक

**सल्लाहकार**

ई. रेशम जंग सिंह, निर्देशक

कुमार प्रसाद सिलवाल, वरिष्ठ प्रबन्धक

दिनेश उप्रेती, प्रबन्धक



**नेपाल स्वास्थ्यको लागि पानी (नेवा)**

लोहसाल, काठमाडौं, नेपाल

पोष्ट बक्स नं. : ४२३१

फोन नं. : ००९७७-१-४०१५७०७, ४०१५६०८

टोल फ्री नं : १६६० ०१ २३४५०

इमेल : newah@newah.org.np

वेबसाइट : www.newah.org.np


## सम्पादकीय

# त्रैमासिक बुलेटिनको पुनः प्रकाशन प्रारम्भ

*एक दशकभन्दा पनि लामो समयपछि नेवाले त्रैमासिक त्रैमासिक बुलेटिन 'पानी र सरसफाइ' को प्रकाशन पुनः शुरु गरेको छ। खानेपानी, सरसफाइ र स्वच्छता कार्यक्रम सञ्चालन गर्दा हासिल गरेका उपलब्धिहरू, अनुभवहरू र सिकाईहरूलाई विभिन्न विधाबाट प्रस्तुति गर्ने मञ्चका रूपमा रहेको यो त्रैमासिक बुलेटिन विं.सं. २०५७ देखि २०६४ सम्म अनवरत रूपमा प्रकाशन भइरहेको थियो। नेवाको अग्रसरतामा तत्कालीन खानेपानी तथा ढल निकास विभाग, वाटरएड नेपाल, युनिसेफ नेपाल, विश्व स्वास्थ्य संगठन र तत्कालीन ग्रामीण खानेपानी तथा सरसफाइ कोष विकास समितिका प्रतिनिधिहरूको सम्पादनमा प्रकाशन हुने यो त्रैमासिक बुलेटिन नेपालको खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रको साझा र लोकप्रिय त्रैमासिक बुलेटिनका रूपमा रहेको थियो। वि.स. २०६४ मा खानेपानी विभागले खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रको ज्ञान व्यवस्थापन सरकारी निकायको अग्रसरतामा हुनुपर्छ भन्ने अभिप्रायले आफ्नो त्रैमासिक बुलेटिन 'सरसफाइ सन्देश' लाई यस क्षेत्रको साझा त्रैमासिक बुलेटिन बनाउने प्रस्ताव सहित नेवालाई पनि उक्त पत्रिकाको सम्पादन मण्डलमा आबद्ध हुन आग्रह गर्‍यो। सोही अनुसार काममा दोहोरोपन हुन नदिन आफ्नो त्रैमासिक बुलेटिनको प्रकाशन स्थगित गरी नेवा पनि उक्त पत्रिकाको सम्पादन मण्डलमा आबद्ध भएको थियो। त्यसबेला मुलुकको खानेपानी, सरसफाइ र स्वच्छता क्षेत्रको एउटै लक्ष्य देशलाई खुला दिसामुक्त बनाउने रहेको हुँदा अरु कामका साथै प्रकाशनहरूमा पनि ऐक्यबद्धता जनाउनका लागि यो निर्णय गरिएको थियो।*

*तर यो त्रैमासिक बुलेटिनको प्रकाशन स्थगन भएको अवधिमा नेवाले हासिल गरेका उपलब्धिहरू, अपनाएका प्रविधिहरू, आर्जन गरेका अनुभव र सिकाइहरू अनुकरणीय भए तापनि त्यस्ता सामग्रीहरूको सार्वजनिकीकरण गर्ने उपयुक्त मञ्चको अभाव खट्कियो। यद्यपि, नेवाको वेबसाइट लगायत विभिन्न आवधिक प्रतिवेदनहरूमा यस्ता सामग्रीहरू प्रकाशन भइरहे तापनि त्रैमासिक बुलेटिनको महत्व आफ्नै हुने भएकाले पुनः यसको प्रकाशन प्रारम्भ गरिएको हो। यस त्रैमासिक बुलेटिनमा मूलतः नेवाले कार्यक्षेत्रमा हासिल गरेका उपलब्धि, अनुभव र सिकाईहरूलाई प्राथमिकता दिइने भए तापनि खानेपानी, सरसफाइ र स्वच्छता क्षेत्रका अन्य उपयोगी सामग्रीहरूलाई पनि स्थान दिइनेछ। हाल विद्युतीय प्रतिका रूपमा प्रकाशन गरिने यो त्रैमासिक बुलेटिनलाई गुणस्तरीय बनाउन सबैको रचनात्मक सहयोगको अपेक्षा गर्दछौं।*

## कविता

### पूर्ण सरसफाइको यात्रा

*सफा घर सफा आँगन सफा राखौं चर्पी*
*हामी सबै लागिपरौं सफा गर्न यो धर्ती।*
*सफा राखौँ टोल अनि सारा गाउँ बस्ती*
*बानी व्यवहार बदलिँदा केही हुन्न सास्ती।*
*सफा राखौँ चोक, टोल वडा अनि पालिका*
*सबले भनुन् पूर्ण सरसफाइको यात्रा थालेका।*
*सरसफाइमा परिवर्तनको बहार ल्याउनु छ*
*दिगो विकास लक्ष्य हामीले हासिल गर्नु छ।*
*सफा र स्वच्छ नेपाल बनाउने प्रतिबद्धता हाम्रो*
*सबै लागौं मनैदेखि देश बनाऔं राम्रो।*

✍ *गोर्ख बहादुर शाही*

### मुहान

*खानेपानी प्रणालीको मुटु हो मुहान*
*मुहान निर्माण र संरक्षण दिऔं विशेष ध्यान।*
*मुहान निर्माण गरेपछि प्लास्टिकले छोपौं*
*राम्रोसित ब्लीचिङ गरी कीटाणुलाई मारौं।*
*ढुङ्गा माथि प्लास्टिक राखी माटोले छोपौं*
*माटो माथि दुबो लगाई भलबाढी तर्काऔं।*
*मुहान वरिपरि पानी दिने विरुवा सार्नु पर्छ*
*चारैतिर काँडेतारले बारबेर गर्नु पर्छ।*
*राम्रो काम गर्न कहिल्यै झन्झट मान्नु हुन्न*
*सुरक्षित पानी खाए रोगव्याधिले छुन्न।*

✍ *रामबहादुर बुढा*

# आयोजना पूर्व कार्यान्वयन कार्यशालाहरू सम्पन्न

नेवाद्वारा सञ्चालित खानेपानी, सरसफाइ तथा स्वच्छता आयोजनाहरूको प्रयोजनका लागि आयोजना पूर्व कार्यान्वयन कार्यशालाहरू सम्पन्न भएका छन् । २०७९ भाद्र २० र २१ गते काठमाडौं तथा असोज २ र ३ गते सिन्धुली एवं बागलुङमा आयोजित यी कार्यशालाहरूमा गत वर्ष सञ्चालित कार्यक्रमहरूको समीक्षा, कार्यक्रम कार्यान्वयनका क्रममा सामना गर्नुपरेका चुनौती र त्यसका सिकाईहरूको आदानप्रदान एवं आगामी रणनीतिबारे छलफल गर्नुका साथै कार्ययोजना परिमार्जन समेत गरिएको थियो ।

भाद्र २० र २१ गते सञ्चालित कार्यशालमा नेवा प्रधान कार्यालयबाट दश जना, प्रदेश कार्यालय बागलुङका पाँच जना तथा प्रदेश कार्यालय सिन्धुलीका छ जना कर्मचारीको सहभागिता रहेको उक्त कार्यशालाको सहजीकरण नेवाको योजना, अनुगमन तथा रिपोर्टिङ प्रबन्धक डा. महेश्वर प्रसाद यादवले गर्नुभएको थियो ।



प्रदेश कार्यालय सिन्धुलीद्वारा आयोजित कार्यशालाका सहभागीहरू



प्रदेश कार्यालय बागलुङद्वारा आयोजित कार्यशालाका सहभागीहरू

कार्यशालामा प्रदेश कार्यालय सिन्धुलीका वरिष्ठ संयोजक श्री मैत्रेयी शर्मा तथा प्रदेश कार्यालय बागलुङका संयोजक श्री रमेश दाहालले सम्बन्धित प्रदेश कार्यालय अन्तर्गतका जिल्लाहरूमा सञ्चालित कार्यक्रमको प्रगति विवरण र आगामी आर्थिक वर्षमा कार्यान्वयन गरिने कार्यक्रमको योजना प्रस्तुत गर्नुभएको थियो । सो अवसरमा पहिचान गरिएका समस्या र चुनौतीहरू अनुसार गत वर्षको प्रगति विवरण र भावी योजनाहरूको विभागीय प्रस्तुती समेत गरिएको थियो । कार्यशालामा च्यारिटी वाटर समक्ष पेश गर्नु पर्ने वहुवर्षीय योजनाका बारेमा पनि छलफल गरिएको थियो । कार्यशालको अन्त्यमा नेवाका निर्देशक ई. रेशम जंग सिंहले सबैको सहभागिताले कार्यशाला उपलब्धिमूलक बनेको बताउँदै यसबाट कार्यक्रम कार्यान्वयन सहज र प्रभावकारी हुने बताउनु भएको थियो ।

*विपिन हाडा/रोजिना मानन्धर*

# नेवा र दातृ संस्थाबीच अनुभव तथा सिकाई आदान प्रदान कार्यक्रम सम्पन्न

नेपालको ग्रामीण क्षेत्रमा बसोबास गर्ने मानिसहरूका लागि सुरक्षित खानेपानी, सरसफाइ तथा स्वच्छता सेवा अभिवृद्धिका लागि विगत तेह्र बर्ष देखि सहयोग गर्दै आइरहेको दातृ संस्था च्यारिटी वाटर, अमेरिकाबाट नेपाल आएका सो संस्थाका प्रतिनिधिहरूसँग अनुभव तथा सिकाई आदान प्रदान कार्यक्रम सम्पन्न भयो । २०७९ कार्तिक २ गते नेवा प्रधान कार्यालयमा आयोजित उक्त कार्यक्रममा च्यारिटी वाटरका संचार निर्देशक टेलर रिवर, परियोजना प्रबन्धक जो केरोलिन हिक्लिन, कपिराटर बेली जुरगेन्स, फोटोग्राफर कबि ग्रनाम र भिडियोग्राफर केली हेरिङ्टन सहभागी हुनुहुन्थ्यो । त्यसैगरी, नेवाका निर्देशक ई. रेशम जंग सिंह, योजना, अनुगमन तथा रिपोर्टङ प्रबन्धक डा. महेश्वर प्रसाद यादव, वास प्रबन्धक अरुण कुमार श्रेष्ठ, लेखा प्रबन्धक सजल श्रेष्ठ, प्राविधिक संयोजक ई. संजीव कुमार थापा, फण्डरेजिङ कोओर्डिनेटर रोजिना मानन्धर, वारिष्ठ लेखा अधिकृत बिनु खरेल लगयतको सहभागिता थियो । डा. यादवको प्रस्तुतीकरण एवं सहजीकरणबाट सुरु भएको कार्यक्रममा दुबै पक्षका सहभागीहरूले आ-आफ्नो सिकाई आदान प्रदान गरेका थिए । कार्यक्रममा कोष



कार्यक्रममा सहभागी हुनुभएका च्यारिटी वाटर तथा नेवाका पदाधिकारीहरू

अभिवृद्धिका चुनौती र नेवाको पहलबारे रोजिना मानन्धरले गर्नु भएको प्रस्तुतीकरण पश्चात सामुहिक छलफल भएको थियो । कार्यक्रमको अन्त्यमा नेवाका निर्देशक ई. सिंहले च्यारिटी वाटरका प्रतिनिधिहरूलाई मायाको चिनो प्रदान गर्नु भएको थियो ।

*बिपिन हाडा*

# नेवाको तीसौं वार्षिक साधारण सभा सम्पन्न

नेवाको तीसौं वार्षिक साधारण सभा सम्पन्न भएको छ। संस्थाका अध्यक्ष प्रा. कपिल श्रेष्ठको अध्यक्षतामा २०७९ असोज २७ गते सम्पन्न उक्त साधारण सभाले सदस्य सचिव श्री रेखा तुलाचनले पेश गर्नुभएको आ.व. २०७८/०७९ को वार्षिक प्रगति प्रतिवेदन तथा कोषाध्यक्ष श्री मुकुन्द प्रसाद न्यौपानेले पेश गर्नु भएको लेखा परीक्षणको प्रतिवेदन तथा आर्थिक विवरण अनुमोदन गरेको थियो। सो अवसरमा लेखापरीक्षण समितिका सदस्य श्री विजय पन्तले आ.व २०७८/०७९ मा भएका आन्तरिक एवं बाह्य लेखापरीक्षण प्रतिवेदनमा लेखा परीक्षण समितिको अवलोकन तथा समितिद्वारा दिइएका सुझाव एवं सुधारोन्मुख निर्देशनको समेतको विवरण पेश गर्नु भएको थियो।

साधारण सभाले आ.व २०७९/०८० का लागि दातृ संस्था च्यारीटी वाटरद्वारा प्रदान गरिएको अनुदानबाट बागलुङ, म्याग्दी, सिन्धुली र काभ्रेपलान्चोक जिल्लामा खानेपानी, सरसफाइ तथा स्वच्छता कार्यक्रम सञ्चालन लगायत अन्य विभिन्न कार्यक्रमका लागि बजेट स्वीकृत गरेको थियो। साथै साधारण सभाले प्रा. कपिल श्रेष्ठको अध्यक्षतामा आगामी दुई वर्षका लागि नयाँ कार्यसमिति चयन गरेको थियो।

*✍ अरूण कुमार श्रेष्ठ*

## विभिन्न पालिकाहरूमा वास प्लान तर्जुमा गरिँदै

नेवाको आर्थिक तथा प्राविधिक सहयोग एवं पालिकाको आर्थिक सहयोगमा सिन्धुली जिल्लाको फिक्कल गाउँपालिका र बागलुङ जिल्लाको बडिगाड गाउँपालिकामा पालिका स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता योजना (वास प्लान) तर्जुमा भइरहेको छ। यस प्रयोजनका लागि नेवाका कर्मचारीहरूले नेपाल सरकारद्वारा विकसित N-WASH प्रणालीबाट गरिने तथांक संकलन तथा व्यवस्थापन तालिम लिएका थिए।

खानेपानी, सरसफाइ तथा स्वच्छता सुविधाहरूलाई सर्वव्यापी र दिगो बनाउने सोच अनुरूप हाल नेपाल सरकारले वास प्लानलाई उच्च प्राथमिकतामा राखेर वास प्लान तर्जुमा मार्गदर्शन २०७६ समेत जारी गरेको छ। सोही मार्गदर्शन अनुरूप खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रमा भएका क्रियाकलापहरूको वैज्ञानिक ढङ्गले तथ्यांक संकलन गरी तथ्यपरक कार्ययोजना निर्माण र कार्यान्वयनका माध्यमबाट दिगो विकास लक्ष्य हासिल गर्न योगदान पुऱ्याउने विश्लेषण सहित नेवाले पनि खानेपानी, सरसफाइ तथा स्वच्छता आयोजनाहरूमा क्रमबद्ध रूपले वास प्लानको तर्जुमा र कार्यान्वयन गर्दै जाने नीति लिएको छ।




*नेवा प्रदेश प्रमुख मैत्रेयी शर्मा र फिक्कल गाउँ पालिका प्रमुख पार्वती सुनुवार बीच वास प्लान तर्जुमा सहमति पत्रमा हस्ताक्षर सम्पन्न हुँदै*

*✍ ई. संजीव कुमार थापा*

## कविता

### एक दिन खुशी हुनेछ त्यो गाउँ

*एक दिन खुशी हुनेछ त्यो गाउँ*
*मुहार फेरिनेछ त्यो गाउँको*
*खुशी हुनेछिन् ती बूढी आमा*
*समय बदलिनेछ, गन्तव्य फेरिनेछ*
*पँधेरीमा गाग्रीको लाइन हराउनेछ एक दिन*
*सुनसान हुनेछ त्यो टाढाको पँधेरी*
*टाउकोमा नाम्लो र पिठ्यूँमा डोकोले डेरा सार्नेछन्*
*हो, एक दिन खुशी देखिनेछ त्यो गाउँ*
*पँधेरीमा धाउँदा चिरिएका पाउहरूले आराम पाउनेछन्*
*कपाल झरेका थाप्लाहरूमा कपाल उम्रनेछन् अब*
*भालेको डाकसँगै झिसमिसेमा उठ्नु पर्दैन भाउजुले*
*पँधेरीमा पालो नपाई झगडा गर्नु पर्दैन बहिनीले*
*समय फेरिनेछ, गन्तव्य फेरिनेछ*
*हो, एक दिन खुशी देखिनेछ त्यो गाउँ*
*पानीको पीडाले बसाई सर्नु पर्दैन दाजुले*
*पिछडिएको गाउँ भनी सुन्नु पर्दैन भाईले अब*
*फोहोर पानी खाएर रोगी बन्नु पर्दैन कोही*
*पँधेरीमा मन चुँडिएका दिदी बहिनीहरूको*
*मन जोडिनेछ, अनि खुशी साटासाट हुनेछ*
*हिउँदको चिसो सिरेठो सहनु पर्ने छैन*
*खडेरीको चर्को घाम व्यहोर्नु पर्ने छैन अब*
*न त बर्षातको झरी नै सहनु पर्नेछ अब*
*हाम्रो यात्रा त्यो दिन सफल हुनेछ*
*जुन दिन घरको आँगनमै धारामा पानी झार्नेछौं*
*अनि खुशी हुनेछ पूरै समुदाय*
*हो, एक दिन खुशी देखिनेछ त्यो गाउँ।*

*✍ हेमराज महरा*

# एक घर एक धारा: नीतिगत व्यवस्था र अबको बाटो

नेपालको खानेपानी क्षेत्रको राष्ट्रिय नीतिका रूपमा ल्याइएको 'एक घर एक धारा नीति' सबैलाई खानेपानीको सुविधा उपलब्ध गराउने महत्वपूर्ण रणनैतिक कदम बनेको छ। नागरिक समाजहरूको एजेण्डा बनेको चुनावी घोषणापत्रहरूमा समेत समावेश भएको यो नारा अनुसार काम हुने हो भने यसले समुदायलाई समृद्धितिर लैजाने निश्चित छ।



*नेवाद्वारा बागलुङ जिल्लाको ढोरपाटन नगरपालिकाको चौर लिफ्टमा निर्मित धारा*

युनिसेफ नेपालका अनुसार नेपालमा हालसम्म सम्पन्न खानेपानी आयोजनाहरूमध्ये १९ प्रतिशत मात्र सुरक्षित तवरले एक घर एक धाराका रूपमा निर्माण भएका छन्। यसको अर्थ ८१ प्रतिशत आयोजनाहरू सुरक्षित रूपमा व्यवस्थित छैनन् र ती मध्येका प्रायःजसो सबै आयोजनाहरू सार्वजनिक अर्थात् सामुदायिक छन्। हालसम्म निर्मित खानेपानी आयोजनाहरूमध्ये २८ प्रतिशत मात्रै पूर्ण रूपमा सञ्चालनमा रहेको सरकारी तथ्याङ्क छ। त्यसैगरी, ३८ प्रतिशत आयोजनाहरूलाई सानातिना मर्मतको आवश्यकता छ। करीब ३४ प्रतिशत आयोजनाहरूलाई ठूलो मर्मत, पुनःस्थापना वा पुनःनिर्माणको आवश्यकता रहेको छ। यी आवश्यकताहरू पूरा नहुँदा अर्थात् समयमा मर्मत सम्भार नभएकै कारणले गर्दा अधिकांश खानेपानी आयोजनाहरू सम्पन्न भएको केही समयपछि नै रुग्ण हुँदै जाने प्रवृत्ति देखिन्छ।

खानेपानी आयोजनाहरू पूर्ण रूपमा सञ्चालन नहुने विभिन्न कारणहरूमध्ये आयोजनाप्रति अपनत्वको भाव कम हुनु एक हो। मानिसमा 'यो मेरो हो' भन्ने भावना जागृत नभइञ्जेल संरचनाहरूको रेखदेख, मर्मत सम्भारको जिम्मेवारी ग्रहण गर्दैन, सानोतिनो कुरामा पनि अरुको मुख ताक्ने प्रवृत्ति रहिरहन्छ। तर भौतिक संरचनाप्रति अपनत्व जागेपछि मानिसले हुँदा अन्य प्राविधिक कारणहरूको समाधान उपभोक्ताले आफै खोज्न सक्छन्। तसर्थ, एक घर एक धारा नीतिको सफल कार्यान्वयनले आयोजनाप्रति उपभोक्ताहरूको अपनत्व अभिवृद्धि भई आयोजनाहरू दिगो रूपले पूर्ण रूपमा सञ्चालन गर्न सहयोगी भएको पाइएको छ।

यसै सन्दर्भमा एक घर एक धारा नीतिको सफल कार्यान्वयनका लागि के कस्तो नीतिगत व्यवस्था छ र अबको बाटो के हुनुपर्छ भन्ने चर्चा यस आलेखमा गरिएको छ।

## नीतिगत व्यवस्था

खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) क्षेत्र सम्बन्धी नीतिगत व्यवस्थाको रूपमा नेपालको संविधान, वास क्षेत्र विकास योजना, संयुक्त राष्ट्र संघको दिगो विकास लक्ष्यहरू, खानेपानी तथा सरसफाइ ऐन २०७९ तथा नेपाल सरकारको आर्थिक वर्ष २०७९/८० को नीति तथा कार्यक्रममा उल्लिखित प्रावधानहरूलाई समेटिएको पाइन्छ।

नेपालको संविधानले सुरक्षित खानेपानी र सरसफाइमा पहुँचलाई मौलिक हकको रूपमा मान्यता दिएको छ। संविधानको धारा ३५ मा 'स्वास्थ्य सम्बन्धी हक' समावेश गरिएको छ। यसको उपधारा ४ मा प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी र सरसफाइमा पहुँचको हक हुनेछ भन्ने वाक्यांश उल्लेख गरिएको छ। त्यसैगरी धारा ३० मा स्वच्छ वातावरणको हक समावेश गरिएको छ। जसको उपधारा १ मा प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हक हुनेछ भन्ने व्यवस्था गरिएको छ भने उपधारा २ मा वातावरणीय प्रदूषण र ह्रासबाट हुने क्षतिबापत पीडितलाई प्रदूषकबाट कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ। संविधानको धारा ३० र ३५ मा उल्लेख गरिएको मौलिक हकहरूको कार्यान्वयनको लागि उच्चस्तरको खानेपानी, सरसफाइ तथा स्वच्छता सेवा प्रदान गर्नु पर्ने देखिन्छ। उच्चस्तरको सेवा प्रदान गर्न एक घर एक धारा नीतिको सफल कार्यान्वयन हुनु पर्छ।

सन् २०१६ देखि २०३० समयावधि रहेको वास क्षेत्र विकास योजनाका तीन चरणहरू छन्। पहिलो चरण (२०१६-२०२०) ले आधारभूत वास सेवाहरूको पहुँच र सुधारिएको सेवा स्तर, पुनर्निर्माण शतप्रतिशत जनतामा पुर्याउने लक्ष लिएको छ। दोस्रो चरण (२०२१-२०२५) ले सुधारिएको सेवा स्तर, मध्यम/उच्च, कार्यक्षमता र दिगोपन समेटेको छ। त्यसैगरी तेस्रो चरण (२०२६-२०३०) ले सुधारिएको सेवा स्तर र प्रभाव मूल्याङ्कनलाई समेट्छ। सुधारिएको खानेपानी सेवामा राष्ट्रिय मापदण्ड अनुसार पानीको गुणस्तर कायम गर्ने उच्च-मध्यम स्तरको सेवासहितको सुरक्षित खानेपानी समावेश छ।

यस बाहेक वास क्षेत्र विकास योजनामा ग्रामीण खानेपानी आयोजनाहरूको लागि पानी आपूर्ति सेवा स्तर समेत समेटिएको छ। आधारभूत स्तरका लागि कम्तिमा २५ प्रतिशत घरधुरीले एक घर एक धारा सहितको सेवा पाएको हुनु पर्छ। कुनै समुदायमा २५ प्रतिशत

भन्दा कम घरधुरीमा एक घर एक धारा अनुसार निर्माण गरिएको हकमा गुणस्तरहीन सेवा भएको मानिन्छ । उच्च-मध्यम स्तरको सेवामा शतप्रतिशत घरधुरीमा एक घर एक धारा अनुसार छुट्टाछुट्टै धारा निर्माण सेवा प्रदान गरिएको हुनु पर्छ। तसर्थ, एक घर एक धारा नीति अवलम्बनबाट मात्रै उच्च-मध्यम स्तरको सेवा प्रादान गर्न सकिने निश्चित छ।

संयुक्त राष्ट्र संघले तर्जुमा गरेको दिगो विकास लक्ष्यहरूमा प्रस्तावित १७ लक्ष्यहरू भविष्यको विकाससँग सम्बन्धित छन् । जसले नयाँ अन्तर्राष्ट्रिय विकास एजेन्डाको मापन र महत्वाकांक्षा प्रदर्शन गर्दछ। तिनीहरू एकीकृत र अविभाज्य छन् । दिगो विकासका तीन आयामहरू (आर्थिक, सामाजिक र वातावरणीय) अन्तरसम्बन्धित छन्। प्रस्तावित १७ दिगो विकास लक्ष्यहरू मध्ये लक्ष्य ६ सुरक्षित खानेपानी र सरसफाइतर्फ लक्षित छ । दिगो विकासको छैठौं लक्ष्य भनेको सबैका लागि खानेपानी र सरसफाइको उपलब्धता र दिगो व्यवस्थापन सुनिश्चित गर्नु हो। यस्तो सुनिश्चित्ता एक घर एक धारा नीतिको सफल कार्यान्वयनबाट मात्रै सम्भव हुन्छ।

त्यसैगरी नेपाल सरकारको आर्थिक वर्ष २०७९/८० को नीति तथा कार्यक्रममा एक घर एक धारालाई देशभर लागू गर्ने कार्यक्रम समेटिएको छ। तदनुसार, स्थानीय र प्रदेश सरकारले समेत एक घर एक धारा नीतिलाई प्राथमिकताका साथ अवलम्बन गरिरहेका छन। सामुदायको चासो र तीनै तहको सरकारको नीतिलाई मध्यनजर गर्दा एक घर एक धारा नीतिलाई उच्च प्राथमिकता दिएको छ।

२०७९ भदौ २१ गते प्रमाणीकरण भएको खानेपानी तथा सरसफाइ ऐन २०७९ को दफा ३ को उपदफा १ मा खानेपानी तथा सरसफाइको अधिकार सम्बन्धी व्यवस्था गरिएको छ । जस अनुसार 'प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइ पहुँचको अधिकार हुनेछ र त्यस्तो अधिकारको सम्मान, संरक्षण, सम्वर्धन र परिपूर्ति यस ऐन तथा प्रचलित कानून बमोजिम हुनेछ। उपदफा १ बमोजिमको खानेपानी तथा सरसफाइमा पहुँचको अधिकार अन्तर्गत प्रत्येक नारिकलाई (क) स्वच्छ खानेपानीमा सहज र सुलभ पहुँचको अधिकार, (ख) नियमित रूपमा पर्याप्त, स्वच्छ र गुणस्तरीय खानेपानी प्राप्त गर्ने अधिकार, (ग) गुणस्तरीय सरसफाइ सेवाको सहज र सुलभ पहुँचको अधिकार हुनेछ । त्यसैगरी, उपदफा १ बमोजिमको अधिकारको सम्मान, संरक्षण, सम्बर्द्धन, परिपूर्ति र कार्यान्वयन गर्ने जिम्मेवारी पारस्परिक समन्वयमा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको हुनेछ। यस ऐन बमोजिम प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइ पहुँचको अधिकार सुनिश्चित गर्न एक घर एक धारा नीति कार्यान्वयन गर्नु उत्तम उपाय हो।

## अबको बाटो

सामुदायको चासो र तीनै तहको सरकारको नीतिले गर्दा एक घर एक धारा नीति उच्च प्राथमिकतामा परेको देखिन्छ। नेपालको संविधानको 'सुरक्षित खानेपानी र सरसफाइमा पहुँच' सम्बन्धी मौलिक हकको सफल कार्यान्वयनका लागि तथा वास क्षेत्र विकास योजनाले तय गरेको उच्च-मध्यम स्तरको सेवा सुनिश्चित गरी दिगो विकासको छैठौं लक्ष्य हासिल गर्न समेत यो नीति अपरिहार्य छ।

विगतमा संचालित आयोजनाहरूको अनुभवको आधारमा एक घर एक धारा आयोजना कार्यान्वयन गर्ने क्रममा धारा निर्माण गर्दा उपभोक्ता, विकास साझेदार र स्थानीय सरकारको योगदानको प्रष्ट खाका कार्यान्वयन पूर्व तय हुनु पर्छ। यस्तो योगदानको खाका लागत अनुपातमा वा लाग्ने सामग्रीको आधारमा गर्न सकिन्छ । त्यसैगरी, एक घर एक धारा नीति कार्यान्वयन गर्दा धाराको उचाईको आधारमा सानो र मध्यम धाराहरूको विकल्प उपभोक्ताहरूलाई दिनु उचित हुन्छ। जसले गर्दा उपभोक्ताहरूले आफ्नो इच्छा अनुसारको धारा निर्माण गर्न सक्छन् । यसले सामुदायको आयोजनाप्रति अपनत्व बढ्छ। समुदायले साना वा मध्यम धारा छनौट गर्न सक्छन् र सोही अनुसार लागत तिनीहरूले वहन गर्न सक्छन् । धाराको लागत ठाउँ अनुसार फरक हुन सक्छ।

> एक घर एक धारा नीति कार्यान्वयन गर्दा धाराको उचाईको आधारमा सानो र मध्यम धाराहरूको विकल्प उपभोक्ताहरूलाई दिनु उचित हुन्छ। जसले गर्दा उपभोक्ताहरूले आफ्नो इच्छा अनुसारको धारा निर्माण गर्न सक्छन्। यसले आयोजनाप्रति समुदायको अपनत्व बढ्छ।

एक घर एक धारा आयोजनामा पानी मिटर जडान गर्नु पर्छ। पानीको खपत बमोजिम पानी शुल्क अशुल उपर गर्नु पर्छ। जसले गर्दा पानीको उचित सदुपयोग भएको पाइएको छ। खपत अनुसार शुल्क सङ्कलन गरिन्छ, जुन न्यायोचित पनि हो । न्यूनतम एकाइका लागि न्यूनतम शुल्कहरू तय गरिनु पर्छ र खपत अनुसार थप शुल्क अशुल उपर गर्नु पर्छ । विकास साझेदार संस्थाको पहल एवं सहजीकरणमा न्यूनतम एकाइ शुल्क निर्धारण गर्नुपर्छ।

उपभोक्ताहरूको योगदान मुनासिब मात्रामा हुनु पर्छ, जसले समुदायको अपनत्व बढाउँछ। पाइप प्रणालीबाट खानेपानी वितरण गर्दा मुख्य पाइपलाइनको हकमा पाइपलाइन खन्न पुर्नको लागि अंशिक खर्च सेवा प्रदायक/स्थानीय सरकारले व्यहोर्ने र बाँकी सामुदायको जनश्रमदानबाट गरिनु उत्तम देखिन्छ । ह्यान्ड पम्प तथा अन्य किसिमको प्रविधिका लागि लागतमा सझेदरी गरी उपभोक्ता, विकास साझेदार र स्थानीय सरकारको योगदान व्यवस्थापन गर्न सकिन्छ। अति विपन्न समुदायका मानिसहरूको लागि थप योगदानको व्यवस्था मिलाउन विकास साझेदार तथा सम्बन्धित उपभोक्ता समितिले पहल गर्नु पर्छ । अति विपन्न समुदायका मानिसहरूको तर्फबाट योगदान गर्न थप नगद सहयोगको लागि स्थानीय सरकारहरूसँग समन्वय गर्न आवश्यक छ।

*डा. महेश्वरप्रसाद यादव*

# धारामा सेन्सर जडानले थपिएको सहजता

खानेपानी आयोजना सम्पन्न भएर समुदायमा खानेपानी सुविधा उपलब्ध भएपछि उपभोक्ताहरूको हर्षको सीमा थिएन। केही समयसम्म सबैले ढुक्कसँग खानेपानी सुविधाको उपभोग गरे। तर बिस्तारै गाउँको शिरानतिरका उपभोक्ताहरूको धारामा पानी कम आउने समस्या शुरु भयो। किन यस्तो भयो ? मुहानमा पानी कम पो भयो कि ? कुरा बुझ्दा त्यसो पनि होइन रहेछ। गाउँको पुछारतिरका उपभोक्ताहरू धाराको मुखमा पाइप जोडेर करेसाबारी सिंचाई गर्दा रहेछन्। टुटी बिग्रियो भने फेर्दा रहेनछन्। पुछारतिरका कतिपय धारामा त पानी त्यत्तिकै खेर फालेको पनि देखियो। अनि त गाउँको शिरानतिरका उपभोक्ताले कसरी पाउन् पानी ?


फोटो : विवेक प्रसाद दाहाल

*सेन्सर जोडिएको धारामा स्थानीय उपभोक्ता*

सिन्धुली जिल्लाको साबिक बालाजोर गाविस वडा नम्बर ६, हाल तीनपाटन गाउँपालिका वडा नम्बर ६ मा च्यारिटि वाटरको आर्थिक सहयोग र नेपाल स्वास्थ्यको लागी पानी (नेवा) को प्राविधिक सहयोगमा करिव आठ वर्ष अघि सम्पन्न भएको ओखरगैरा खानेपानी तथा सरसफाइ आयोजनाका उपभोक्ताहरूले व्यहोरेको यो समस्याले वास्तवमा सुविधाको समतामूलक वितरण हुनु पर्ने कुरामा चुनौती थपेको थियो।

१४० घरका ९८० जनसंख्याले खानेपानी सुविधाको उपभोग गर्दै आएको यस आयोजनामा ६ वटा मुहानको पानीबाट यहाँ ७२ वटा धारामा पानी ल्याइएको छ। जसमध्ये ओखरगैरा मुहानबाट मात्रै ५७ वटा धारामा पानी आउँछ।

यस आयोजनाको अवस्था बुझ्न नेवाले गरेको 'हेल्लो मोनिटरिङ' (नेवाका कर्मचारीहरू आयोजनास्थलमा पुग्न नसक्दा उपभोक्ता समितिका पदाधिकारी वा उपभोक्ताहरूसँग टेलिफोनबाट आयोजनाका सम्बन्धमा गरिने कुराकानी) का क्रममा उक्त खानेपानी आयोजनाका अध्यक्ष उत्तम लामिछानाले यहाँ भइरहेको पानीको असमान वितरणका बारेमा जानकारी दिनुभयो। उहाँका अनुसार ओखरगैरा मुहानबाट पानी आउने धाराहरूमा यस्तो समस्या देखिएको थियो। गाउँको तल्लो भेगका उपभोक्ताहरूले जथाभावी पानी चलाएपछि ट्याङ्कीमा कहिल्यै पनि पानी जम्मा हुन पाउँदैनथ्यो र कतिपय उपभोक्ताहरू खानेपानीबाट समेत वञ्चित हुने गर्दथो। यसले त्यहाँको सामाजिक सद्भाव समेत बिग्रन थालेको थियो। "केही उपभोक्ताहरूको यस्तो कामले गर्दा समितिले नै गाली खानु पर्थ्यो" उहाँले भन्नुभयो।

यस जानकारीका आधारमा नेवा प्रदेश कार्यलय सिन्धुलीले यस खानेपानी आयोजनाका ५७ वटा धारामा सेन्सर जडान गर्ने काम गरियो।

सेन्सर एउटा सानो यन्त्र हो। जस्मा, जिएसएम सिम, ब्याट्री र टर्बाइन जडान गरिएको हुन्छ। जसले नियमित रूपमा धाराबाट पानी बगेको वा नबगेको, कति मात्रामा बगेको भन्ने जस्ता जानकारी दिन्छ। धारामा सेन्सर स्थापनाको मुख्य उद्देश्य खानेपानी प्रणालीहरूको कार्यक्षमता अनुगमन गर्नु हो। यसबाट प्रणालीहरूको कार्यक्षमता तुरुन्तै थाहा हुन्छ। आवश्यक परेको बेला सेन्सरले दिएको जानकारी अनुसार मर्मत सम्भार कार्य तत्काल गर्न सकिन्छ। त्यसैले यसले आयोजनाहरूलाई चल्दो अवस्थामा राख्न र दिगो बनाउन मद्दत गर्दछ।[१]

सेन्सर जडानका क्रममा उपभोक्ता तथा उपभोक्ता समितिका पदाधिकारीहरूलाई सेन्सर भनेको के हो, यसले कसरी काम गर्छ भन्ने जानकारी दिनुका धारामा पानी आए नआएको जानकारी कार्यालयबाटै थाहा हुन सक्ने बताइयो।

सेन्सर जडान भएपछि आयोजनाका सबै धारामा बराबर मात्रामा पानी आउने गरेको र कसैले पनि पहिले जस्तो धारामा पाइप जोड्ने, धारा खोलेरै राख्ने नगरेको बताउनु हुन्छ यस आयोजनाका मर्मत सम्भार कार्यकर्ता कुमार पुलामी मगर। "आजभोलि त धाराको टुटी वा वासर बिग्रिने बित्तिकै किनेर जडान गर्न मलाई बोलाउनुहुन्छ, धारामा जडान गरेको सेन्सरले कुन धारामा कति पानी झरिरहेको छ र कुन धारामा पानी झरेको छैन भन्ने कुरा नेवा अफिसबाटै थाहा हुने भएकाले पनि सबै उपभोक्ताहरू सजग हुनुभएको छ" उहाँले भन्नुभयो। उपभोक्ता समितिका अध्यक्ष उत्तम लामिछानेका अनुसार धाराहरूमा सेन्सर जडान गरेपछि उपभोक्ताहरूको गुनासो हटेको छ। "सेन्सरले आयोजनाको सञ्चो बिसञ्चो बेलैमा थाहा दिएर बेलैमा उपचार पाउने भएकाले आयोजना दिगो हुने निश्चित भएको छ" उहाँले भन्नुभयो।

*१. खानेपानी परियोजनाको सेन्सरबाट अनुगमनः एक नवीन प्रयोग, डा. महेश्वर प्रसाद यादव, गौरवपूर्ण यात्राका तीन दशक, नेवा, २०७९, पृष्ठ १९*

*विवेक प्रसाद दाहाल*

# पानीको उचित व्यवस्थापन : स्वस्थ र समुन्नत जीवनको आधार

धेरै ठूलो लगानी र मेहेनत गरेर समुदायसम्म ल्याइएको पानीले त्यहाँका वासिन्दाको तिर्खा त मेट्छ नै, बढी भएको वा उपयोग गरेर बगेको पानीको सदुपयोग गर्ने हो भने त्यसबाट अनेक प्रकारका फाइदा लिन सकिन्छ । खानेपानी तथा सरसफाइ आयोजना सञ्चालन भएका कतिपय क्षेत्रका वासिन्दाले खेर गएको र बढी भएको पानीको सदुपयोग गरेर तरकारी खेती र पशुपालन गरेका अनुकरणीय उदाहरणहरू छन् । पानीले मानिसको आर्थिक अवस्था उकास्न पनि प्रत्यक्ष रूपमा योगदान गर्ने भएकाले नै नेवाले खानेपानी आयोजनाहरूलाई विकासको प्रवेश विन्दु मान्दछ ।

कतिपय समुदायमा भने बढी भएको पानी उचित व्यवस्थापन नगरी जथाभावी बगाइदिने गरेको देखिन्छ । जसले गर्दा समुदायमा फोहोर बढ्ने, जथाभावी पानी जम्दा लामखुट्टे आदि बढ्ने जस्ता समस्या हुन्छन् । उपलब्ध पानी बाटो वा खोल्सातिर बगाएर सागसब्जी चाहिँ किनेर खानु चाहिँ विडम्वना नै हो ।

हाल एक घर एक धारा नीति अनुसार घर घरमा धारा जडान हुन थालेपछि सामुदायिक धाराको तुलनामा मानिसहरूले पानीको बढी सदुपयोग गर्न थालेका छन् । किनभने निजी धारामा मिटर जडान गरिएको हुने भएकाले उपभोक्ताहरूले पानी उपभोग गरेको आधारमा महशुल तिर्नु पर्ने हुन्छ । हाल सामुदायिक धारा भएका आयोजनाहरूको तुलनामा एक घर एक धारा जडान भएका आयोजनाहरूमा पानीको बचत र सदुपयोग बढी भएको पाइएको छ ।

पानीको सदुपयोगले आयोजनाको दिगोपन बढाउँछ । किनभने बढी भएको, उपयोग गरेर खेर गएको पानीको सदुपयोग गरेर कृषि र पशुपालनलाई बढावा दिन थालेपछि मानिसहरूले पानीले आफ्नो जीवनमा ल्याएको परिवर्तन महशुस गर्छन् र आयोजनाको रेखदेख र मर्मत सम्भारमा बढी चासो दिन्छन् ।

नेवाद्वारा सञ्चालित खानेपानी, सरसफाइ तथा स्वच्छता आयोजनामा पानीको वहुउपयोगलाई प्रोत्साहन गर्दै आएको छ । जसले गर्दा उपभोक्ताहरूले करेसाबारी लगाएर सागसब्जी आफू खाइकन बढी भएको बेचेर राम्रो आम्दानी गरेका धेरै उदाहरणहरू पाइन्छन् । कतिपय ठाउँमा बढी भएको पानीबाट पशुपालनमा ठूलो सहयोग पुगेको पाइएको छ । धादिङ जिल्लाको चामडँडा भालडँडा खानेपानी आयोजनाका उपभोक्ताहरूले त बढी भएको पानीबाट अन्न कुटानी पिसानी गर्ने मिल (मेशिन) चिस्याउनका लागि प्रयोग गरेका थिए ।

समुदायमा पानीको माग र आपूर्तिको अवस्था हेरेर पानीको व्यवस्थापन गर्न सकिन्छ । पानी व्यवस्थापनका केही उपायहरू निम्नलिखित छन् :

- पानी धेरै भएको अवस्थामा प्लाष्टिकको पोखारी वा कङ्क्रिटको ट्याङ्की बनाएर पनि पानी जम्मा गर्न सकिन्छ । पानीको परिमाण धेरै छ र जमीन पनि उपलब्ध छ भने प्लाष्टिक पोखरी उपयुक्त हुन्छ । थोरै पानीका लागि कङ्क्रिटको ट्याङ्की उपयुक्त हुन्छ । यसबाट सुक्खा मौसममा पानीको सदुपयोग गर्न सजिलो हुन्छ । तर यस्तो पोखरी वा ट्याङ्की बनाउँदा बालबालिका वा वस्तुभाउ पस्न/खस्न नसक्ने गरी बनाउनु पर्छ । यस्तो पोखरी/ट्याङ्की वरपर बलियो बारबेरा लगाउनु पर्छ ।



*खेर गएको पानी उपयोग गरेर गरिएको तरकारी खेती*

- प्लाष्टिक पोखरी वा कङ्क्रिटको ट्याङ्की बनाउने पुँजी र स्थानको अभावमा सीधै करेसाबारीमा प्रयोग गर्न सकिन्छ ।
- पानीको पुनः प्रयोग गर्न नसकिने अवस्थामा पानी सोस्ने (Sock pit) बनाएर बढी भएको वा खेर गएको पानीको व्यवस्थापन गर्न सकिन्छ । यसका लागि करिव पाँच फिट गहिरो खाल्डो खनेर उक्त खाल्टोमा गिटी, बालुवा राख्नु पर्छ ।
- माथि उल्लिखित कुनै पनि व्यवस्था गर्न नसकिने भएमा पानी जम्न नदिई उचित र सुरक्षित तरिकाले निकासको व्यवस्था गर्नुपर्छ ।

कुनै पनि सुविधाको प्राप्ति मात्र ठूलो कुरा होइन, त्यसको सदुपयोग गर्नु चाहिँ महत्वपूर्ण कुरा हो । त्यसैले खानेपानीको सदुपयोग र उचित व्यवस्थापनले खानेपानी आपूर्तिका लागि गरिएको ठूलो लगानीको प्रतिफल प्राप्त हुने र आम जनसमुदायको जीवनस्तर र जीवनशैलीमा सकारात्मक परिवर्तन आउने निश्चित छ ।

✍ *कुमार सिल्वाल*

**दिगो र गुणस्तरयुक्त संरचना हाम्रो पहिचान ।**

**सुरक्षित खानेपानी, सफा र स्वच्छ गाउँ हाम्रो अभियान ।।**

# खानेपानी सुरक्षा योजनाले समुदायमा ल्याएको परिवर्तन

पहिले पहिले एक गाग्री पानी लिन एक घण्टाको बाटो धाउनु परेको सम्झँदा पदमकुमारी थापा मगरलाई आज पनि अत्यास लाग्छ। "कसरी ती दिन बिताइयो, न त भने जति पानी हुन्थ्यो, न त पानी सुरक्षित नै" विगत सम्झँदै उहाँ भन्नुहुन्छ । सिन्धुली जिल्लाको तीनपाटन गाउँपालिकाको वडा नं. १ मा पर्ने नक्कलेटारका वासिन्दाले विगतमा भोगेको खानेपानीको दुःख पदमकुमारीको यस भनाईले नै प्रष्ट पार्दछ। यस ठाउँमा बर्षायाम शुरु भएपछि पानीको दुःख अझ बढ्थ्यो । किनभने कुवामा खोला किनारको बाढी पस्थ्यो र यहाँका वासिन्दा धमिलो पानी खान बाध्य हुन्थे । त्यतिखेर गाउँमा वर्षायाम शुरु हुने बित्तिकै झाडापखाला, जुका, आउँ जस्ता अनेकौं रोगव्याधिको प्रकोप हुने गर्दथ्यो ।

दातृ निकाय च्यारिटी वाटरको आर्थिक सहयोग एवं नेवाको व्यवस्थापकीय एवं प्राविधिक सहयोग र सहजीकरणमा गत वर्ष यस गाउँका ७४ वटै घरमा धारा निर्माण भएपछि यहाँका वासिन्दाले पानीको अभावले गर्दा थपिएको दुःखबाट मुक्ति पाएका छन् । समुदायमा पानी उपलब्ध भएपछि यहाँका वासिन्दाको दिनचर्या सहज त भएको छ नै, नेवाको सहजीकरणमा सञ्चालन भएको खानेपानी सुरक्षा योजना तालिमले यहाँको वासिन्दाको स्वास्थ्य तथा स्वच्छता सम्बन्धी बानी व्यवहारमा समेत आमूल परिवर्तन भएको छ ।




*फिल्टरबाट पानी भर्दै पदमकुमारी*

खानेपानी योजना सम्पन्न भएपछि गत असारमा यस समुदायमा खानेपानी सुरक्षा योजना तालिमको आयोजना गरियो । तालिमका सहभागीहरूलाई मुहानबाट मुखसम्म पानीलाई कसरी सुरक्षित राख्ने, कहाँ कहाँ पानी प्रदूषित हुने जोखिम बढी हुन्छ, खानेपानी शुद्धिकरण गर्ने घरेलु विधिहरू के कस्ता छन् भन्ने बारेमा सहजकर्ताहरूले प्रष्ट पार्नुभएको थियो । खानेपानी योजनाको मुटु मुहान भएको हुनाले बेला बेलामा मुहान सफा गर्नु पर्ने, मुहानको माथितिर कुनै पनि प्रकारको फोहोर हुन नदिने, ट्याङ्की र धारा जस्ता संरचनाहरू पनि बेला बेलामा सफा गरिरहनु पर्ने, पुरिएको पाइपलाई वर्षायामको भेलले निकाल्न सक्ने भएकाले पाइप पुर्नुपर्ने, खेर गएको पानीको उचित व्यवस्थापन गर्नु पर्ने, पानी राख्ने भाँडाकुँडा सदैव सफा राख्नु पर्ने, आँखाले हेर्दा सफा देखिने पानीमा पनि रोगका असंख्य कीटाणुहरू हुँदारहेछन् भन्ने विषयमा पनि तालिममा गहन छलफल गरिएको थियो । यस्ता कुरा बुझेपछि तालिमका सहभागीहरूले सुरक्षित पानीको महत्वलाई आत्मसात गरेका थिए ।

यस तालिममा नेवाले घरायसी तहमा पानी शुद्ध गर्ने उपायहरूबारे पनि विशेष चर्चा भएको पदमकुमारी बताउनु हुन्छ । तालिममा पानी उमालेर पिउनु सुरक्षित उपाय हो भन्ने विषयमा चर्चा गरिएको थियो भने क्लोरिन हालेर पानीलाई सुरक्षित गर्न सकिने, सोडिस प्रविधि अर्थात् सादा बोतलमा पानी राखेर दिनभर घाममा पानी राख्दा पनि घामको प्रकाश र तापले पानी सुरक्षित बन्ने तथा 'सिल्भर क्लोराइड फिल्टर' को प्रयोग गरेर पनि सजिलो गरी पानीमा भएका कीटाणु छान्न सकिने पनि छलफल गरिएको थियो ।

यस्तो फिल्टर बाहिरबाट हेर्दा अरु सामान्य फिल्टर जस्तै देखिए तापनि यसको माथिल्लो खण्डको भित्रपट्टिको पींधमा चाँदी लेपन गरिएको हुन्छ । चाँदीमा कीटाणु/जीवाणु नष्ट गर्ने शक्ति हुने हुनाले यसले पानीलाई सुरक्षित बनाउन मद्दत गर्दछ । यसरी जीवाणुरहित भएको पानी क्याण्डलबाट छानिएर तल्लो खण्डमा पुग्दा पानी थप सुरक्षित हुन पुग्छ। हाल नक्कलेटारका सम्पूर्ण घरमा यस्तै फिल्टरको प्रयोग हुने गरेको जानकारी पनि पदमकुमारीले दिनुभयो ।

यस्तो फिल्टरमा एकपटक लगानी गरेपछि लामो समयसम्म टिक्ने हुनाले प्रयोग गर्दै जाँदा यो सस्तो पर्ने हुन्छ । त्यस्तै, समय समयमा फिल्टर सफा गर्नु पर्ने, पानी छोपेर राख्नु पर्ने जस्ता सुरक्षाका उपायहरू सबैले अवलम्बन गर्ने भएकाले यस गाउँमा झाडापखालाजन्य रोग देखापरेको छैन । "खानेपानी सुरक्षा तालिम लिएपछि मानिसहरू पहिले जस्तो जुनसुकै भाँडाको पानी खाँदैनन्, सबैले फिल्टरकै पानी खाने गरेका छन्" पदमकुमारी भन्नुहुन्छ ।

पानीको उपलब्धताले मानिसको जीवनमा आएको परिवर्तनलाई दिगो र प्रभावकारी बनाउन खानेपानी सुरक्षा योजना सम्बन्धी तालिमले सहयोग गरेको पाइएको छ ।

*वसुन्धरा घर्ती मगर*

# आशाले देखाएको नयाँ आशा

केही समयअघिसम्म झिसमिसेमै उठेर पानी भर्न पँधेरातिर लाग्ने नरेडाँडाका मानिसहरूको दिनचर्या यतिखेर फेरिएको छ । पानीकै समस्याले निन्द्रामा झस्किएर उठ्नु पर्दैन उनीहरूले । किनभने अब त ५१ घरपरिवार भएको यस गाउँमा ३७ वटा धारा बनेका छन् ।

बागलुङ जिल्लाको सदरमुकामदेखि करिव ८५ किलोमिटर पश्चिममा रहेको ढोरपाटन नगरपालिका, वडा नं. २ मा पर्ने नरेडाँडा गाउँमा यस्तो परिवर्तन आएको धेरै भएको छैन । मध्यपहाडी लोकमार्गको आडैमा रहेको यो गाउँका वासिन्दाले विगतमा तिर्खा मेट्न स्थानीय सरकारदेखि विभिन्न सरोकारवाला निकायसम्म धेरैपटक धाउँदा पनि आश्वासन मात्रै पाउँथे । तर २०७७ सालमा नेवा, प्रदेश कार्यालय बागलुङ र ढोरपाटन नगरपालिकाको साझेदारीमा समुदायमा खानेपानी आयोजना निर्माण हुने खबर उनीहरूको जीवनकै सबैभन्दा खुशीको समाचार बनेर आयो । २०७८ श्रावणबाट शुरु भएको खानेपानी आयोजना २०७९ असारमा सम्पन्न भयो । सुरक्षित खानेपानीको समस्याले पीडित बनेका यहाँका वासिन्दाहरू आयोजनाका प्रत्येक चरणमा सक्रियतापूर्वक लागि परे ।

### घाँस काट्ने हातले फलामे पाइपको चुरी काट्न थालेपछि

नेवाले खानेपानी तथा सरसफाइ आयोजनालाई विकासको प्रवेशद्वार मान्दछ । यसको अर्थ खानेपानी सुविधाले समुदायमा विकास र प्रगतिका अन्य अवसरलाई पनि निम्त्याउँछ भन्ने हो । यस गाउँकी गृहिणी आशा थापाको जीवनमा आएको परिवर्तनले यस्तै संकेत गरेको छ । सधैं घरधन्दामै व्यस्त रहने आशा पुरुष सरह मर्मत सम्भार कार्यकर्ताको तालिममा सहभागी हुनुभयो । घाँस दाउरा काट्न अभ्यस्त




*फलामे पाइपको चुरी काट्दै आशा थापा*

उहाँका हातहरूले फलामे पाइपको चुरी काट्न थालेपछि उहाँ समुदायमै उदाहरण बन्नुभयो । महिलाहरू कुनै पनि काममा पुरुषहरूभन्दा कम हुँदैनन् भन्ने कुरालाई आशाले प्रमाणित गरेर नयाँ आशा देखाएको बताउनु हुन्छ नरेडाँडा खानेपानी तथा सरसफाइ आयोजना उपभोक्ता समितिका अध्यक्ष सुमन आले ।

आशा थापाले सामान्यतया महिलाहरूले नगर्ने कामलाई चुनौतीका साथ स्वीकार गरेर त्यसमा सफल हुनु वास्तवमै सकारात्मक परिवर्तनको चिन्ह हो । उहाँ लगायत समुदायका अरु धेरै महिलाहरू पनि आयोजना काममा दिलोज्यान दिएर जुटेका थिए । यसरी नेवाको पहल र समुदाय एवं स्थानीय सरकारको सक्रियतामा सम्पन्न खानेपानी आयोजना समाज रूपान्तरणको थालनीको एउटा उत्कृष्ट उदाहरण बनेको छ ।

*प्रदिप माझी*

# सरसफाइ सम्बन्धी अन्तर्राष्ट्रिय दिवसहरू मनाइयो

प्रत्येक अक्टोबर १५ का दिन विश्वव्यापी रूपमा मनाइँदै आएको विश्व हात धुने दिवस तथा नोभेम्बर १९ का दिन मनाइँदै आएको विश्व चर्पी दिवसहरू यसपटक पनि नेवाले विगत झैं विभिन्न सचेतनामूलक कार्यक्रमको आयोजना गरेर मनाएको छ । 'विश्वव्यापी हात स्वच्छताका लागि एकजुट होऔं' भन्ने यस वर्षको हात धुने दिवसको नारालाई सार्थक तुल्याउन नेवाले बागलुङ तथा सिन्धुली जिल्लाका विभिन्न समुदाय तथा विद्यालयमा हात फोहोर हुन सक्ने अवस्था, जोखिमपूर्ण अवस्थाको परिचय र त्यस्तो अवस्थामा साबुन पानीले हात धुनुपर्ने कारण, साबुन पानीले मिचीमिची हात धुँदा हुने प्रत्यक्ष र अप्रत्यक्ष फाइदा जस्ता विषयमा अभिमुखीकरण गरिएको थियो । यसका साथै उचित तरिकाले साबुन पानीले हात धुने तरिकाको प्रदर्शन गर्नुका साथै जनसमुदायलाई त्यसको व्यावहारिक अभ्यास पनि गराइएको थियो ।

जोखिमपूर्ण समयमा साबुन पानीले हात धोएको खण्डमा कोभिड-१९ देखि लिएर अनेकौं प्रकारका सरुवा रोगहरूबाट बच्न सकिने र उचित तरिकाले साबुन पानीले हात धोएको खण्डमा रोगव्याधि लाग्ने दरमा ४५ प्रतिशतले कमी आउने अध्ययनले देखाएको छ ।




*विश्व हात धुने दिवस मनाउँदै एक बालक*

यसैगरी नेवाले आयोजना सञ्चालन भएका क्षेत्रहरूमा नोभेम्बर १९ का दिन विभिन्न सचेतनामूलक कार्यक्रमको आयोजना गरी विश्व चर्पी दिवस मनाएको छ । Making the Invisible Visible नारा रहेको यसपटकको चर्पी दिवसका अवसरमा विद्यालयका विद्यार्थी

*(बाँकी पृष्ठ ९ मा)*

# नेवाको आर्थिक तथा प्राविधिक सहयोगमा विभिन्न जिल्लामा खानेपानी तथा सरसफाइ आयोजना सञ्चालन हुने

नेपाल स्वास्थ्यको लागि पानी (नेवा) ले बागलुङ, म्याग्दी, सिन्धुली र काभ्रे जिल्लाका विभिन्न पालिकाहरूमा आर्थिक वर्ष २०७९/०८० मा खानेपानी, सरसफाइ तथा स्वच्छता आयोजनाहरू सञ्चालनका लागि सम्बन्धित पालिकाहरूसँग द्विपक्षीय सम्झौता गरेको छ। उक्त सम्झौताहरू अनुसार म्याग्दी जिल्लाको धवलागिरी गाउँपालिका र बागलुङ जिल्लाको तमानखोला, निसीखोला, बडिगाड, ताराखोला गाउँपालिका तथा ढोरपाटन र बागलुङ नगरपालिकामा आयोजनाहरू सञ्चालन हुनेछन्। त्यसैगरी काभ्रे जिल्लाको रोशी र बेथानचोक गाउँपालिका र सिन्धुली जिल्लाको सुनकोशी, गोलोन्जोर, मरीण, हरिहरपुरगढी गाउँपालिका तथा दुधौली र कमलामाइ नगरपालिकामा पनि आयोजनाहरू सञ्चालन हुनेछन्।




*बागलुङ नगरपालिका र नेवा बीच आयोजना सञ्चालनका लागि द्विपक्षीय सम्झौता हुँदै*

नेवाको आर्थिक तथा प्राविधिक सहयोगमा विभिन्न जिल्लाहरूमा सञ्चालन हुने खानेपानी तथा सरसफाइ आयोजनाको लागि कुल ३२ करोड उन्नसाठी लाख खर्च हुने अनुमान गरिएको छ। जसमा दातृ निकायको सहयोग ६९ प्रतिशत तथा स्थानीय सरकारको सहयोग १६ प्रतिशत, समुदायको दुई प्रतिशत नगद र १३ प्रतिशत श्रम योगदनमा सञ्चालन हुने गरी सम्झौता गरिएको छ। जस अनुसार बागलुङमा २६, म्याग्दीमा एक, काभ्रेमा नौ र सिन्धुलीमा १९ गरी जम्मा ५५ आयोजना सञ्चालन गरी करीब २,९४९ धारा निर्माण गरेर कुल २७,३३९ जनसंख्या लाभान्वित हुने अनुमान गरिएको छ। लाभान्वित जनसंख्यामा ७७ प्रतिशत समुदायका मानिस र २३ प्रतिशत विद्यार्थी हुने अनुमान गरिएको छ। थप जानकारी तलको तालिकामा दिइएको छ।

### जिल्लागत आयोजना, धारा र लाभान्वित जनसंख्या

| क्र.सं. | जिल्ला | आयोजना | धारा | लाभान्वित जनसंख्या |
|---|---|---|---|---|
| १ | बागलुङ | २६ | १,१७५ | ११,१३७ |
| २ | म्याग्दी | २ | २३ | ३०७ |
| ३ | काभ्रे | ९ | ८३४ | ६,४८६ |
| ४ | सिन्धुली | १९ | ९१७ | ९.४०९ |
| | जम्मा | ५५ | २,९४९ | २७,३३९ |

विनोद कोइराला/विवेक प्रसाद दाहाल

(पृष्ठ ८ को बाँकी)

## सरसफाइ सम्बन्धी...




*विश्व चर्पी दिवसका अवसरमा आयोजित चेतनामूलक र्‍याली*

तथा शिक्षकहरूको सहभागितामा चेतनामूलक ब्यानर, प्लेकार्ड तथा पम्पलेटहरू सहित समुदाययहरूको परिक्रमा गरिएको थियो। यसैगरी उक्त अवसरमा चर्पीको महत्व र यसले मानिसको जीवनमा पार्ने सकारात्मक प्रभावहरूको बारेमा समेत चर्चा समेत गरिएको थियो। सो अवसरमा समुदायमा बनेका चर्पीहरूको अनुगमन गरी आवश्यक भएका ठाउँहरूमा चर्पीलाई सदैव सफा राख्न र चर्पी नजिकै साबुन पानीले हात धुने व्यवस्था गर्न सल्लाह दिइएको थियो।

विवेक प्रसाद दाहाल र विनोद कोइराला




नेवा क्यालेण्डर २०६२ बाट उद्धृत

# आयोजना सहायक तथा आयोजना प्रवर्धकहरूका लागि आयोजना व्यवस्थापन तथा लेखा तालिम सम्पन्न

नेपाल स्वास्थ्यको लागि पानी (नेवा) द्वारा यस आर्थिक वर्षमा बागलुङ, म्याग्दी, सिन्धुली र काभ्रे जिल्लामा सञ्चालन हुने खानेपानी, सरसफाइ तथा स्वच्छता आयोजनाहरूका लागि छनोट भएका ३८ जना कर्मचारीहरूका लागि आयोजना व्यवस्थापन तथा लेखा तालिम सम्पन्न भएको छ। २०७९ असोज र कार्तिकमा बागलुङ र सिन्धुलीमा सम्पन्न उक्त सात दिने तालिममा १८ जना आयोजना सहायक र २० जना आयोजना प्रवर्धकहरूको सहभागिता रहेको थियो । तालिमका सहभागीहरूलाई आयोजना व्यवस्थापन र लेखा प्रणालीका साथै सरसफाइ र स्वच्छता प्रवर्धनका विषयमा सहजीकरण गरिएको थियो ।



बागलुङमा आयोजित तालिमका सहभागी तथा सहजकर्ताहरू

नविगत लामो समयदेखि बागलङ र सिन्धुली जिल्लामा खानेपानी तथा सरसफाइ प्रवर्धनको काम गर्दै आइरहेको नेवाले यसै आर्थिक वर्षदेखि काभ्रे र म्याग्दी जिल्लामा पनि आफ्नो कार्यक्रम विस्तार गरेको छ। जिल्ला समन्वय समिति, स्थानीय पालिका र उपभोक्ता समितिसँगको समन्वय र साझेदारीमा नेवाले जिल्लाको ग्रामीण क्षेत्रमा खानेपानी तथा सरसफाइको कार्यक्रहरू सञ्चालन गर्दछ।



सिन्धुलीमा आयोजित तालिमका सहभागी तथा सहजकर्ताहरू

नेवाले यस आर्थिक वर्षमा बागलुङ जिल्लाका छ वटा पालिकामा १९ वटा, म्याग्दी जिल्लाको एउटा पालिकामा तीन वटा, सिन्धुली जिल्लाका सात वटा पालिकामा १९ वटा र काभ्रे जिल्लाका दुईवटा पालिकामा नौ वटा गरी कुल ४० वटा खानेपानी तथा सरसफाइ आयोजनाहरू सञ्चालन गर्ने गरी उल्लिखित जिल्लाका जिल्ला समन्वय समितिहरूको रोहबरमा सम्बन्धित पालिकाहरूसँग सम्झौता सम्पन्न गरिसकेको छ।

✍ विवेक/विनोद

# केस स्टडी तथा फोटोग्राफी तालिम सम्पन्न

नेवा, प्रधान कार्यालय, काठमाडौंको आयोजनामा प्रदेश कार्यालयहरूमा कार्यरत कर्मचारीहरूका लागि केस स्टडी र फोटोग्राफी सम्बन्धी तालिमको आयोजना गरियो। सहभागीहरूमा केस स्टडी र फोटोग्राफी सम्बन्धी ज्ञान र सीप अभिवृद्धि गर्ने उद्देश्यले यही २०७९ असोज ५ गतेदेखि ७ गतेसम्म काठमाडौंमा आयोजित उक्त तालिममा प्रदेश कार्यालय बागलुङ र सिन्धुलीका २७ जना कर्मचारीहरूको सहभागिता रहेको थियो।

यस तालिममा आयोजना सञ्चालनका क्रममा देखिएका उल्लेखनीय पक्षहरूलाई लेखन र फोटोग्राफीका माध्यमबाट रोचक र प्रामाणिक तरिकाले प्रस्तुत गर्न सहभागीहरूलाई सक्षम बनाउने हेतुले लेखन र फोटोग्राफी सम्बन्धी सैद्धान्तिक र प्रतिस्पर्धात्मक व्यावहारिक अभ्यासहरू गराइएको थियो। केस स्टडीले उपभोक्ता, दातृ निकाय र अन्य सरोकारवालाहरूमा अभिप्रेरणा जगाउने हुँदा केस स्टडी लेखनमा मुख्य रूपमा समुदायको पूर्वावस्था, त्यस अवस्थामा परिवर्तन ल्याउन गरिएको पहल र परिवर्तित अवस्थालाई समेटेर त्यसको रोचक प्रस्तुती आवश्यक पर्ने यस तालिमको मुख्य जोड रहेको थियो। तालिममा कार्यक्षेत्रमा भएका पहलहरू र तथ्यलाई प्रामाणिक रूपले प्रस्तुत गर्न तथा विगत र परिवर्तित अवस्थालाई तुलनात्मक रूपले सार्वजनिक गर्न फोटोग्राफीको महत्वपूर्ण भूमिका हुने कुरालाई पनि तालिममा जोड दिइएको थियो।



तालिमका सहभागीहरू नेवाका पदाधिकारीहरू तथा सहजकर्ताका साथमा

✍ विपिन हाडा